# अन्तर-बप्तिस सम्बन्धको सिद्धान्त र निर्देशिका

*अन्तर-बप्तिस सम्बन्धको लागी महासचिवको विशेष आयोगद्धारा प्रस्तावित*

## प्रस्तावना : बप्तिस वर्ल्ड अलाइन्स : एकता र विविधता

१. “बप्तिस वर्ल्ड अलाईन्स संसारको हरेक भागमा विस्तृतरुपमा फैलिएका, प्रभु येशू ख्रीष्टमा रहेका बप्तिस मानिसहरुको महत्वपूर्ण अभिव्यतिको एकरुपतामा स्थापित छ ।”[1]

२. बप्तिस वर्ल्ड अलाईन्स (वि. डब्लु. ए) “ख्रीष्ट येशूमा साझा विश्वासको सार स्वीकार गर्ने, परमेश्वरको प्रेममा एक अर्कालाई सहयोग गर्ने, उत्साह दिने, सवल पार्ने साथै हराएको र दु:खी संसारमा पवित्र आत्माको शक्तिमा येशू ख्रीष्टको सुसमाचार प्रचार गर्ने, र यसै अनुसार जीउने बप्तिसहरुको विश्व अभियानको रुपमा अवस्थित छ ।”[2]

३. वि.डब्लु.ए.ले आफ्नो कार्यलाई  प्रतिबद्धताका पाँच क्षेत्रहरुमा संगठित गरेको छ । मूख्यत:, आराधना र संगतिमा सहभागी हुने, सुसमाचार प्रचार तथा मिशनको इच्छा शक्तिलाई बढवा दिने, मानव अधिकार तथा धार्मिक स्वतन्त्रताको रक्षा गर्न, राहत र दिर्घकालीन समुदायिक विकासद्धारा  मानविय आवश्यकतालाई पूरा गर्नु, साथै र समसामयीक ईश्वरशास्त्रीय चिन्तन प्रवर्द्धन गर्ने ।[3]

४. वि. डब्लु.एलाई यसको शुरुवातदेखी नै “संसारभरिका बप्तिस मान्यता तथा विश्वासबाट संचालित मण्डलीहरुको परिवारको रुपमा बुझिएको थियो ।”[4] यद्यपि, प्रारम्भिक वर्षहरुमा वि.डब्लु.एको सदस्यता प्राय: पश्चिमी मुलूकको संघ तथा संगठनहरु मिलेर बनेको थियो । विगतका केही शताव्दीहरुमा वि.डब्लु.ए. परिवार पूर्व, पश्चिम, उत्तर र दक्षिणमा फैलिएको विश्वव्यापी संगठनको रुपमा वृद्धि भएको छ ।

५. वि.डब्लु.एको सदस्यताको वृद्धि यसै भित्र बढिरहेको सांस्कृतिक विविधता नै हो । विविधताले संस्कृतिहरु, भाषाहरु, रीतिहरु, इतिहासहरु, जातीय पहिचानहरु, ईश्वरशास्त्रिय सैद्धान्तिक विचारहरुको अभिव्यक्त गर्ने शैलीहरु, र विभिन्न सांस्कृतिक सन्दर्भमा ख्रीष्टसँग भएको व्यक्तिगत तथा सामुदायिक भेटलाई समेट्दछ । परमेश्वरको अनुग्रहद्धारा, वि.डब्लु.एले, प्रष्ट रुपमा, ख्रीष्टको शरिरको बहुमूल्य विविधता प्रतिविम्वित गर्दछ ।[5]

६. वि.डब्लु.ए यसको सदस्यताको पहिचानको रुपमा रहेको विविधतामा एकतामा जीउने प्रतिबद्धताको खोजी गर्दछ, जुन विविधता केही निश्चित चुनौतिहरुको बावजुद पनि परमेश्वरले दिनु भएको

---

[1] वि.डब्लु.एको विधानको प्रस्तावना ।

[2] २१औं शताब्दि समितिद्धारा तर्जूमा गरिएको वि.डब्लु.एको दर्शन, र सन् २००५मा बरमिङ्गहाम, इङ्गल्याण्डमा १९औं बप्तिस बर्ल्ड कंग्रेसमा लागु गरिएको ।

[3] २१औं शताब्दि समितिको सोचमा उत्पन्न भएको प्रतिवद्धताका समूहहरुमा वि.डब्लु.एको भनाई

[4] ”प्रस्तावना”, सन् १९०५मा, वि.डब्लु.एको उदघाटन समारोहमा स्वीकृत गरिएको व.डब्लु.एको विधान । हेर्नुहोस् *बप्तिस बर्ल्ड कंग्रेस, लण्डन, जूलाई ११-१९, १९०५ : समारोहको आधिकारिक रेर्कड, (लण्डन : बप्तिस यूनियन प्बलिकेजन डिर्पाटमेन्ट, १९०५) : ३३०-३१*

[5] १ कोरिन्थी १२:१२,२७; रोमी १२:४

विविधतालाई आदर गदै प्रभावकारी रुपमा परमेश्वरको राज्यको प्रतिनिधित्व गर्नुपर्दछ । वि.डब्लु.ए स्थापनाको लक्ष्य प्राप्त गर्नको लागि, जुन लक्ष्यको निम्ति आजसम्म वि.डब्लु.एका सदस्यहरु बीच सहकार्यको जग स्थापित भएको छ, वि.डब्लु.एले उत्कृष्ट सन्तुलन कायम राख्न जरुरी देखिन्छ । यो एक असल संगतिको रुपमा संगठनले विविधतालाई कदर गर्नु र त्यसबाट आशिषित हुन खोजिएता पनि, यो सन्तुलन चाँहि उद्धेश्यको एकता र साझा प्रतिबद्धता बीच कायम राख्नु हो ।

७. वि.डब्लु.ए, विविधतामा एकताको धनी, हाम्रो विश्वव्यापी एकताको प्रतिबद्धतामा विद्यमान सबैभन्दा महान सम्पत्ति चाँहि वि.डब्लु.एको सदस्यता निर्माण गर्ने समुदायको अनुकूल खुल्ला संवादको लागि स्थान दिनसक्ने क्षमता नै हो । यस स्थानले वि.डब्लु.ए भेलाहरुमा सदस्यहरुले ल्याउने बाइबलीय, ईश्वरशास्त्रीय र अनुभवात्मक दृष्टिकोणहरुका विचार प्रस्तुत गर्ने फलहरुको कटनी गर्ने स्थान प्रदान गर्दछ । आफ्नो विश्वास चाँहि वरदान हो, जुन नयाँ दृष्टिकोण र सांस्कृतिक अनुभव, वि.डब्लु.एमा अनुग्रहीका साथ बाँड्न सकिन्छ, र सम्मानका साथ ग्रहण गरिन्छ ।

८. तथापि, यति गहन विविधताको बीचमा संवादको खुल्लापन र संचारको इमान्दारीताको एकता कायम राख्ने वि.डब्लु.ए.को प्रतिवद्धतामा पनि हामीलाई एकता रहने बोलावटमा सायद सबैभन्दा ठूलो चुनौती वि. डब्लुमा अवस्थित छ ।[6] यो चुनौती विशेषगरी कुनै एक भाषाबाट अरु धेरै भाषाहरुमा अनुवाद गर्ने अवस्थामा स्पष्ट, सफा, र सबैले सजिलै बुझ्न सकिने संचार प्राप्त गर्न कठिनाईमा हुँदछ । यो चुनौति त्यसबेला बढ्छ, जब असल-मन भएको व्यक्तिले वि.डब्लु.ए परिवारका विभिन्न सदस्यहरुले जारी गर्नुभएका विभिन्न बाइबलीय, सांस्कृतिक ऐतिहासिक वा ईश्वरशास्त्रीय भिन्नताहरु र संवेदनशिलताहरु बुझ्न वा पूर्णरुपमा प्रशंसा गर्न सक्दैनन ।

९. वि.डब्लु.ए. भित्र विविधता कायम राख्ने प्रतिवद्धता गर्दैगर्दा, र विविधतालाई अभियानको संज्ञा दिई उत्सवको रुपमा मनाईरहँदा, हाम्रो एकरुपतालाई अगि बढाउन र असमझदारी पैदा हुने अवसरहरु घटाउँन सकरात्मक कदम चाल्नु पर्ने अवस्था देखिन्छ । यो विचारलाई मनमा राखी, वि.डब्लु.ए. भेलाहरुमा सहभागी हुने बप्तिसहरु र वि.डब्लु.ए.को कार्यमा सहयोग गर्नेहरु माझ वि.डब्लु.ए. निम्न सिद्धान्तहरु र नीतिहरु छलफल र संवादको निम्ति प्रस्तुत गर्दछ :

**सिद्धान्तहरु तथा नीतिहरु :**

१. "परमेश्वरमा सबै कुराहरु सम्भव छन् ।"[7] अनि ख्रीष्ट येशूबाट अलग भएर हामी केहि पनि गर्न सक्दैनौ ।[8] यसकारण वि.डब्लु.ए.को सबै भेलाहरु परमेश्वरको आराधनाको सन्दर्भमा, परमेश्वरको उपस्थितिको निश्चयता र नेतृत्वमा हुदँछ ।

---

[6] एफिसी ४:३

[7] मत्ति १९:२६

[8] यूहन्ना १५:५

२. खीष्टियानहरु मरणशील प्राणी र अनुग्रहद्धारा बचाइएका पापीहरु हुन् ।[9] त्यसकारण हाम्रो ज्ञान वा समभ्फशक्ति पूर्ण छ र त्रुटिरहित छ भनी सोच्न सक्दैनौ । यसैले, हाम्रा विचारहरु र दृष्टिकोणहरु सधै नम्रताको आत्मामा प्रस्तुत गर्नुपर्छ, र हाम्रो हरेक बोलाइ र अरुहरुको सुनाइमा पवित्र आत्माको नेतृत्वको लागी अनुरोध गर्नुपर्छ ।

३. सबै मानिसहरु परमेश्वरको स्वरुपमा बनिएका हुन् ।[10] खीष्टमा, हामी खीष्टको रुपसमान बद्लिँदैजान बनाइएका हौं,[11] र हामी खीष्टका शरिरका सहभागीहरु हौं ।[12] हामी, “हरेक मानिस, पुरुष वा महिला दुवैको सम्मान गर्छौं किनभने हरेक मानिस परमेश्वरको स्वरुपमा सृजिएका र पवित्र हुन बोलाइएका हुन् ।”[13] अभ्र हामी खीष्टमा एउटै शरिर हौ, र प्रत्येक एक अर्काका अङ्गहरु हौं ।[14] वि.डब्लु.ए. सदस्यहरु कुनै विषय वा धारणामा जोसिलो भएपनि संवादहरु चाँहि कुनै एक व्यक्ति, संस्कृति, क्षेत्र, जाति वा सम्प्रदायीक सदस्यहरुमा नभई सिद्धान्तहरुमा केन्द्रित हुनुपर्दछ । हाम्रो वार्तालाप, सम्वादहरु र विवादहरु कुनै एक खीष्टियानको विश्वास तथा समर्पणता वा मानवतामाथि आक्रमण ल्याउने प्रकारको हुनुहुदैन् ।[15]

४. हामीहरु एउटै विश्वासको घरानाका सदस्यहरु हौं ।[16] “हामी, पवित्र आत्माको शक्तिद्वारा घोषणा गर्छौ कि, यस्तो प्रकारको अद्भूत चेलापनमा सहभागीहुने परमेश्वरको जनको मण्डलीहरुले एक अर्कामा आत्मनिर्भरता अनुभव गर्दछौं ।”[17] बप्तिस विश्वासीको विश्व समुदाय भएको हुनाले अरुले प्रतिविम्वित गरेको भिन्न दृष्टिकोणलाई स्वस्थ्य तरिकाले सुन्नु, बुभ्नु र आदर गर्न नसकेसम्म हामी अपूर्ण नै रहन्छौं । विशेष गरी सस्कृतिबाट त्यस्ता ब्यक्तिहरु भौतिक गरिवी, उपनिवेशवाद र साम्राज्यबादको पुख्यौली सम्पतीद्वारा पछाडि पारिएकाछन् । त्यसकारण सम्पूर्ण वि.डब्लु.ए. सदस्यहरुलाई सैद्धान्तिक अनुभवहरु,  त्यसको सांस्कृतिक एवं ईश्वरशास्त्रीय दृष्टिकोणहरु कुनै एक अभ्यास वा वार्तालापले प्रभुत्व नगरोस भन्नको निम्ति हामी सदैव प्रयत्नशील छौं ।

५. वि.डब्लु.ए.का सदस्यहरुले प्रचुर विविधता भ्रल्काउने भाषाको वरदानको आनन्द लिदँछन् । भाषा कुनै पनि व्यक्तिको परिचय गर्ने संकेत हो र यसले कसैको संस्कृति र इतिहासको पुष्टि गर्छ । त्यसैकारण वि.डब्लु.ए.ले आफ्ना सदस्यहरुलाई आफ्नै भाषामा सुन्न र बोल्न पाउनुपर्ने अवसरको पहिचान गरी सहायता गर्नुपर्ने आवश्यकता देखेको छ । [18] त्यसैको लागि वि.डब्लु.एले आफ्नो

---

[9] एफिसी २:५,८ ; १ कोरिन्थी १३:९
[10] उत्पत्ति १:२६-२७
[11] रोमी ८:२९
[12] रोमी १२:४-५
[13] वि.डल्बु, ए शताब्दिको अभिव्यक्ति, ११
[14] रोमी १२:५
[15] हर्नुहोस् कलस्सी ४:६
[16] गलाती ६:१०
[17] वि.डल्बु, ए शताब्दिको अभिव्यक्ति,८
[18] हेनुहोस् प्रेरित २:५-१२

सम्मेलनहरुमा भिन्न भाषाहरुमा विश्वासयोग्य, र सम्भव भएसम्मको संचार गराउन योगदान पुऱ्याउन विभिन्न साधनहरु पहिचान गरेको छ, र चलनमा ल्याइएको छ ।

६. हामी एक अर्कालाई प्रेम गर्नलाई बोलाइएका हौँ ।[19] यसैबाट हामी खीष्टका चेलाहरु हौँ भनि देखाउछौँ ।[20] हामी विश्वास गर्दछौ कि जबसम्म सम्वन्धहरुमा एक अर्कोलाई स्वीकार गर्ने, र अरुलाई आदर गर्ने, वास्ता र फिक्री गर्ने काम भन्दा माथि उठ्दैनौं, तबसम्म साँचो एकता र संगति प्राप्त गर्न सक्दैनौं । त्यसैकारण वि.डब्लु.ए.को भेलाहरुमा सहभागी हुने प्रतिनिधिहरुबीच औपचारिक तथा अनौपचारिक भेटहरुमा अर्थपूर्ण र प्रार्थनासहितका वार्तालापद्वारा गहिरो तथा अर्थपूर्ण सम्बन्धहरु स्थापना गर्ने कुराको विकास भएको देख्न चाहन्छौं ।

७. हामी जान्दछौ, कि बप्तिसहरु भनेका विभिन्न प्रकारका विचारहरु र दृष्टिकोणहरु राख्ने, “सत्यता” कै विषयमा पनि फरक मत राख्नेहरु भनि चिनिन्छन् । तथापि, हामी एक अर्कालाई प्रेम र स्वीकार गर्छौं ।[21] जव कसैको धारणा वा दृष्टिकोणमा गम्भिर त्रुटि छ भनि जान्दछौं, हामी शत्रु वा अपरिचित व्यक्तिलाई झै नभई परिवारको प्रिय सदस्यलाई झै एक अर्कालाई चुनौती दिन्छौ, किनभने गल्तीहरु सच्याउने काम पनि प्रेममा हुनुपर्छ ।[22]

८. हामीहरु एक अर्काका वास्ता गर्ने विषयमा प्रतिबद्ध छौ ।[23] त्यसकारण कुनै अवस्थामा जहाँ भाषा वा साँस्कृतिक बाधाको कारण कुनै एक व्यक्तिको विचार वा दृष्टिकोण स्पष्टरुपमा व्यक्त नभएको वा बुझाउन असमर्थ भएमा त्यस कार्यक्रमका सहजकर्ताले उक्त वक्तालाई आफ्नो कुरा आदर साथ भन्न खोजिएको मुख्य विचारलाई स्पष्ट पार्न मौका दिएको हामी चाहँदछौ र यस्तै गर्नलाई उत्साह दिदँछौं । यसो गर्नाले विचारको गलत अनुमान गर्नु भन्दा भन्न खोजिएको विषयमा केन्द्रित हुन योगदान दिन्छ । अनुग्रही वचन बोल्नु पर्ने आवश्यकता र सभाको मर्यादा तोडीएको खण्डमा सहजकर्ताले बाहेक, अरु कुनै अनावश्यक रोकतोक विना हाम्रो भेलाहरुमा बोल्ने हरेक वक्ताहरुले आफ्नो विचारलाई निचोड दिन सक्दछन् ।

९. हाम्रो भेलाहरुमा, सबै कुराहरु शिष्टतापूर्वक र सुव्यवस्थित ढङ्गले हुनुपर्दछ ।[24] सबै सहभागीहरुले सहजकर्ताको अधिकारलाई आदर गर्नेछ, र विविधतालाई कदर गर्दछ, र पवित्र आत्माले वि.डब्लु.ए.परिवारलाई दिनु भएको एकताको वरदानमा जीउन प्रयत्नशील हुदँछ ।

---

[19] यूहन्ना १३:३४ १ यूहन्ना ४:७-१२
[20] यूहन्ना १३:३५
[21] रोमी १५:७
[22] एफिसी ४:१५
[23] फिलिप्पी २:४
[24] १ कोरिन्थी १४:४०